तुलसीपुर उपमहानगरपालिका

# स्थानीय राजपत्र

खण्डः२, तुलसी, संख्याः३ ,भाद्र ३ गते, २०७५ साल

## भाग-२

## तुलसीपुर उपमहानगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र (२) वमोजिम तुलसीपुर उपमहानगरपालिकाले बनाएको कानून उपदफा (३) वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि, २०७४**

**<u>प्रस्तावना</u>**

मातृ तथा शिशु मृत्युदर घटाउनुको साथै उच्चतम मानसिक, शारीरिक, बृद्धि गर्नेको लागि सुरक्षित मातृ स्याहार गर्ने अपरिहार्य भएकोले सुरक्षित मातृत्वको क्षेत्रमा सुनौलो हजार दिनका महिलाका लागि लगानी गर्ने जरुरी भएकाले मातृ र शिशु मृत्युदर कम गर्ने, गुणस्तरीय स्वास्थ्य सेवा बढाउन स्वस्थ आमा, शिशु र बालबालिका स्वास्थ्यमा सुधार ल्याई स्वस्थ समाज निर्माण गर्ने साथै नेपालको संविधान वमोजिम आधारभूत स्वस्थ सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्नेको लागि “स्वस्थ आमा स्वस्थ शिशु स्वस्थ परिवार देश विकासको मूल आधार” भन्ने तुलसीपुर

उपमहानगरपालिकाको अवधारणालाई सफल कार्यान्वयन गर्न सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता २०७४ कार्यक्रम तुलसीपुर उपमहानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७४ भदौ २८ गतेको वैठकको निर्णयानुसार पारित गरिएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यो मार्गदर्शनको नाम सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता २०७४ रहेको छ।

२) यो मार्गदर्शनको नाम सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम साउन १ गते देखि लागु हुनेछ । यो तुलसीपुर उपमहानगरपालिकाका १९ वटै वडाहरुमा लागु हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) मातृशिशु सुरक्षा तथा "सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता २०७४ " भन्नाले तुलसीपुर उपमहानगरपालिकाले महिला र बालबालिकाको स्वास्थ्यमा सुधार ल्याउनको लागि विशेष स्वास्थ्य कार्यक्रम भनी बुझ्नु पर्दछ ।

(ख) "लक्षित वर्ग" भन्नाले गर्भवती भए देखि सुत्केरी भएको ३५ दिन भित्रको आमा र वच्चालाई सम्झनु पर्ने छ । तुलसीपुर उप महानगरपालिकाको स्थायी बासिन्दा हुनु पर्ने छ ।

(ग) "सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम" भन्नाले तुलसीपुर उपमहानगरपालिका भित्र सुत्केरी भएका महिला लाई उत्प्रेरणा र पोषण स्थितिमा आमा र बच्चाको स्वस्थ्य सुधार गर्नका लागि उपमहानगरपालिकाले ल्याएको महिला र बालवालिका कार्यक्रम हो ।

(घ) उपमहानगरपालिका भन्नाले तुलसीपुर उपमहानगरपालिका सम्झनु पर्नेछ ।

(ङ) 'प्रोटोकल' भन्नाले गर्भवती आमा बच्चालाई स्वस्थ र स्वास्थ्य सेवा उपभोग गर्न तपसिल अनुसारको कार्यलाई सम्झनु पर्छ ।

अ) पहिलो गर्भवती जाँच – गर्भ रहेको चौँथो महिनामा ( जुकाको औँषधी/टि. डि. खोप/ आईरन चक्की सुरुवात गर्नू ।)

आ) दोस्रो जाँच – छैठौ महिनामा- टि.डि खोप /आईरन चक्की नियमित खानुपर्ने (दोश्रो गर्भमा टि.डि. लगाउनु पर्दैन ।)

इ) तेस्रो जाँच – आठौ महिनामा ( आइरन चक्की गर्भवति सुरुभएको चार महिना देखि प्रसति भएको ४५ दिन सम्म नियमित खानुपर्दछ )

ई) चौँथो जाँच– गर्भ रहेको नौं महिनामा गर्भवती जाँच गर्नुपर्दछ ।

(च) प्रसुती सेवा नेपाल सरकारको सूचीकृत संस्थाबाट सेवा लिएको सुनिश्चित गरिएको कागजात पेश गरी प्रसुती जाँच गरेको बच्चालाई वि.सि.जी. खोप लाएको र ३५ दिन भित्र वडा कार्यालयमा जन्मदर्ता गराएको प्रमाणहरु पेश गर्नूपर्ने छ ।

(छ) सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम ल्याउनुको मुख्य उद्देश्य आमा र बच्चालाई गुणस्तरीय स्वास्थ्य सेवा दिनु , असल पारिवारिक वातावरणमा पोषणयुक्त खाद्य वस्तु उपभोग गर्नु, स्वस्थ खानेपानी, सरसफाई, पोषण, गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्नु, सुरक्षित प्रसुति सेवा लिनु , आमा र शिशुको मृत्युदरमा कमी ल्याउनु, महिला र बालवालिकामैत्री सेवा विस्तार गर्नू, निरोगी सुपोषित र स्वावलम्वी नागरिक निर्माण गर्नु जस्ता कार्यहरु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

## परिच्छेद– २

## कार्यान्वयन कार्यविधि

१) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता आर्थिक वर्ष २०७४/०७५ देखि लागू हुनेछ ।

२) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता तुलसिपुर उपमहानगरपालिकाको १ देखि १९ वडामा एकै साथ लागु हुनेछ ।

३) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता प्राप्त गर्ने लाई प्रत्येक गर्भवती आमाले प्रोटोकल अनुसार र प्रसुती स्याहारर प्रोत्साहन पोषण भत्ता कार्यविधि अनुसार नियम पुगेमा रकम उपलब्ध गराईने छ । नियम पुरा नभए रकम उपलब्ध गराउन बाध्य हुने छैन ।

४) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता रकम रु. ५,०००।- (अक्षेरुपी पाँच हजार) हुने छ। यो रकम दुई किस्ता गरि दिइने छ । चार पटक गर्भ जाच्च र सुचीकृत स्वास्थ्य संस्थामा (नेपालभर या वाहिर पनि ) प्रसुती सेवा लिएमा रु. ४००।- र रु. ५००।- गरि जम्मा रु. ९००।- प्रसुती सेवा लिएका संस्थावाट प्राप्त हुने छ ।

५) दोस्रो किस्ता रकम रु. ४१००।- (अक्षेरुपी चारहजार एकसय) तुलसीपुर उपमहानगरपालिकाको वडा कार्यालयबाट उपलब्ध गराईने छ । सो रकम प्राप्त गर्नको लागि परिच्छेद २ को कार्यान्वयन कार्यविधि ४ नं. बूदा अनुसार उपलब्ध गराईने छ ।

६) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता एक जना महिला लाई दुई वटा बच्चा वा दुई पटक प्रसुती सेवा सम्म मात्र उपलब्ध गराईने छ ।

७) कुनै पनि गर्भवतीले प्रोटोकल अनुसार जाँच नगरेता पनि प्रसुती सेवा सूचीकृत स्वास्थ्य संस्थामा लिएको कागजात र ३५ दिन भित्र वडा कार्यालयमा जन्मदर्ता गराई बच्चा लाई वि.सी.जी खोप साथै प्रसुती जाँच गराएमा रु. ३,०००।- (अक्षेरुपी तीनहजार) उपलब्ध गराईने छ यो रकम पनि दुई किस्तामा हुने छ रु. ५००।- (अक्षेरुपी पाँचसय) सम्बन्धीत प्रसुती भएको संस्था बाट उपलब्ध गराइने छ र रु. २५००।- (अक्षेरुपी दुई हजार पाँचसय) सम्वन्धीत वडा कार्यालय उपलब्ध गराईने छ ।

८) प्रसुती सेवा स्वास्थ्य संस्था लिदा बच्चा पहिलै पेट भित्र मरेको वा जन्मीसकेपछि मरेमा उक्त बच्चाको जन्मदर्ता र खोप लगाएको कार्ड नभएपनि भत्ता उपलब्ध गराउनबाट बन्चीत गरिने छैन ।

९) सामाजिक,आर्थिक, भौगोलिक रुपमा टाढा भई स्वास्थ्य चेतनाको अभाब जानकारी नभई स्वास्थ्य सेवाको पहुँच बाट टाढा र सामाजिक रुपमा विभेद मा पारिएका महिलाहरुले घरैमा प्रसुती भएमा प्रसुती जाँच बच्चालाई खोप र ३५ दिन भित्रमा बच्चाको जन्मदर्ता तुलसीपुर उपमहानगरपालिकाको स्थायी बासिन्दा भएमा प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता एक मुष्ट रुपमा रु.१,०००।- (अक्षेरुपी एकहजार) सम्बन्धीत जन्मदर्ता गराएको वडा कार्यलयबाट उपलब्ध गराईने छ ।

१०) निजामति या सरकारी कर्मचारीको सवालमा सरकारले नै विशेष भत्ता वा सेवा सुविधाका व्यवस्था गरेको हुनाले दोहोरो सुविधा लिन नपाइने नियमानुसार यो सुविधा प्राप्त गर्न सकिने छैन ।

११) विविधः यस कार्यविधीमा थप प्रष्ट पार्नुपर्ने अवस्थामा कार्यपालिकाले गर्न सक्ने छ ।

आज्ञाले,
आनन्द सारु
प्रमुख प्रशासकीय अधिकृत